आज मिति २०८१ साल साउन १ गते मंगलवार विहान ८:३० बजे नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति पर्वतको बैठक जिल्ला समन्वय समिति, पर्वतका प्रमुख श्री विष्णुराम वि.क.ज्यूको संयोजकत्वमा देहाय वमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

देहायः-

| | | |
|---|---|---|
| श्री विष्णुराम वि.क. | प्रमुखः जिल्ला समन्वय समिति | - संयोजक |
| श्री रामचन्द्र जोशी | प्रमुखः कुश्मा नगरपालिका | - सदस्य |
| श्री केदारनाथ शर्मा | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| श्री दिपक आचार्य | उपाध्यक्षः जलजला गाउँपालिका | - सदस्य |
| श्री राजेन्द्र थापा | सशस्त्र प्रहरी उपरिक्षकः चण्डिका गण | - सदस्य |
| श्री खुमलाल भुसाल | प्रहरी नायव उपरिक्षक | - सदस्य |
| श्री श्याम नारायण सापकोटा | प्रमुखः डिभिजन वन कार्यालय | - सदस्य |
| श्री गुरुदत्त अधिकारी | प्रमुखः पूर्वाधार विकास कार्यालय | - सदस्य |
| श्री शान्ति पौडेल | कर अधिकृतः करदाता सेवा कार्यालय | - सदस्य |
| श्री कमलप्रसाद पुन | जिल्ला समन्वय अधिकारी | - सदस्य सचिव |

आमन्त्रित उपस्थितिः

| | |
|---|---|
| श्री सोमवहादुर जि.सी. | उपप्रमुख जिल्ला समन्वय समिति |
| श्री विजय पौडेल | प्र.अ.अ. राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |

अन्य उपस्थितिः

| | |
|---|---|
| श्री निर्मला भण्डारी | ना.सु. जिल्ला समन्वय समितिको कार्यालय |
| श्री मीना कुमारी शर्मा | खरिदार जिल्ला समन्वय समितिको कार्यालय |

निर्णयहरुः

१. नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति पर्वतको यस अघि भएको बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो । नदीजन्य तथा खानीजन्य पदार्थको जरिवाना असुल हुन बाँकी जरिवाना सम्वन्धमा सम्वन्धित पालिकालाई पुनः लेखि पठाउने ।

२. कालीगण्डकी नदी वाहेक अन्य खोला तथा नदीहरुमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्न संक्षिप्त वातावरणीय प्रभाव मूल्याङ्कन ( IEE ) गरी नियमानुसार ठेक्का लगाएर मात्र उत्खनन् गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

३. कालीगण्डकी नदी लगायत अन्य खोला तथा नदीहरुमा अवैध रुपमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गरिएको भन्ने जनगुनासो आएकोले त्यस्ता अवैध उत्खनन् कार्य प्रभावकारी रुपमा नियन्त्रण गर्न यस जिल्लाका नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र राष्ट्रिय अनुसन्धानलाई प्रभावकारी रुपमा निगरानी गर्न परिचालन गर्ने ।

४. अवैधरुपमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् कार्य रोक्न प्रभावकारी रुपमा अनुगमन, निरीक्षण र नियन्त्रण गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।